
# स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) संचालन पुस्तिका

स्थानीय तह राजस्व पोर्टलको प्रयोग गरी स्थानीय तहका सेवाग्राही वा करदाताले अनलाइन रुपमा राजस्व वुझाउन र आफ्नो व्यक्तिगत, संस्थागत एवं व्यावसायिक विवरणहरु प्रविष्ट गर्न सक्ने व्यवस्था छ ।

## १. युजर वनाउने:


आफ्नो Web Browser को Address bar मा https://sutrarevenue.fcgo.gov.np टाइप गरी Enter वा Ok गर्नुहोस् ।

तलको लगइन स्क्रीन देखिन्छः





युजर पहिल्यै वनाएको भए मोवाइल नं र पासवर्ड राखेर Login वटनमा क्लिक गरी लगइन गर्न सकिन्छ ।

युजर नवनाएको भए पोर्टलमा लगइन गर्नका लागि युजर वनाउनुपर्छ । युजर वनाउनका लागि यसै स्क्रीनमा रहेको Create an account मा क्लिक गरेपछि देहायको फर्म खुल्छ ।





माथिको फर्ममा आफ्नो विवरण राखेर Signup मा Click गरेपछि माथि राखिएको मोवाइल नं मा OTP Code प्राप्त हुन्छ । त्यो OTP code राखेर Submit गरेपछि नयाँ युजरवाट पोर्टलमा लगइन गर्न सकिन्छ ।




## २. लगइन गर्नेः

युजर बनिसकेपछि माथिको लगइन फर्ममा देहाय वमोजिम विवरण राखी Login वटनमा Click गरी पोर्टलमा लगइन गर्नुपर्छ ।





लगइन सफल भएमा देहायको स्क्रिन देखिन्छः



## ३. पासवर्ड विर्सिएमाः

पासवर्ड विर्सएमा लगइन स्क्रीनमा रहेको Forgot password? Click here मा क्लिक गरेपछि देहायको फर्म खुल्छ ।




माथिको फर्ममा अगाडि रजिष्टर भएको मोवाइल नम्वर टाइप गरी Get Pin मा Click गरेपछि उक्त मोवाइमा Pin code प्राप्त हुन्छ । उक्त Pin code लाई Pin Code फिल्डमा टाइप गरी आफूले राख्न खोजेको नयाँ पासवर्ड New Password र Re-enter Password फिल्डहरुमा राखी Reset Password वटनमा Click गरी पासवर्ड परिवर्तन गर्न सकिन्छ ।

## ४. पोर्टलको मेनु र प्रयोगः

| मेनु | प्रयोग |
|---|---|
| ड्यासबोर्ड | युजरले तिरेको र तिर्नुपर्ने करको विवरणको संक्षिप्त जानकारी हेर्नको लागि । |
| प्रोफाइल | युजर सिर्जना गर्दाका विवरणहरु हेर्न र Edit गर्नका लागि । |
| करदाता आबद्धता | स्थानीय तहवाट प्रदान गरिएको करदाता संकेत (Taxpayer ID) लाई पोर्टलको आफ्नो युजरमा आवद्ध गराउनका लागि । |
| राजस्व भुक्तानी | आवद्ध भएको वा नभएको करदाताले स्थानीय तहमा राजस्व भुक्तानी गर्ने प्रयोजनका लागि । |
| भुक्तानी स्थिति | राजस्व भुक्तानीका लागि सिर्जना गरिएका राजस्व दाखिला भौचरको भुक्तानी सफल भए वा नभएको हेर्नको लागि । |
| करदाता विवरण | करदाताले आफ्नो व्यक्तिगत वा संस्थागत र व्यावसायिक लगायतका विवरणहरु आफैं भर्न, अद्यावधिक गर्न र हेर्नका लागि । |

## ५. करदाता आवद्ध गर्नेः


स्थानीय तहमा पहिल्यै सुत्र राजस्व मोड्युल (SuTRA Revenue module) मा दर्ता भएको करदातालाई यस पोर्टलमा आवद्ध गराई उक्त करदाताको संकेत (Tax payer ID) राखी लगती राजस्व (जस्तो सम्पत्ति कर, भुमि कर, व्यवसाय कर आदि) र हसवली राजस्व (जस्तो विभिन्न शुल्क तथा दस्तुर आदि) तिर्न सकिन्छ ।

करदाता आवद्ध गराउनका लागि करदाता आवद्धता मेनुमा Click गरेपछि देहायको फर्म खुल्दछ ।




### a. करदाताले आफै आवद्धता गर्नेः

माथिको फर्ममा २ वटा ट्याव मध्ये पहिलो ट्याव करदाता आबद्ध गर्नुहोस जिल्ला, स्थानीय तह, मोवाइल नं, करदाता कोड (नयाँ -स्थानीय तहले उपलव्ध गराएको सुत्र राजस्व मोड्युलको) प्रविष्ट गर्नुपर्दछ । नयाँ करदाता कोड नभएको र पुरानो करदाता संकेत मात्र भएको अवस्थामा नयाँ करदाता कोडलाई खाली छोडी ☐ पुरानो करदाता संकेत /बिबरण मात्र भएमा लाई ☑ गरी देहायको व्यक्तिगत वा संस्थागत विवरण प्रविष्ट गर्नुपर्दछ।




व्यक्तिगत करदाताका लागि पुरानो करदाता संकेत वा नागरिकता नं र जारी गर्ने जिल्ला मध्ये एक राख्नु अनिवार्य छ ।




त्यस्तै संस्थागत करदाताको लागि पुरानो करदाता संकेत वा दर्ता नं मध्ये एक राख्नु अनिवार्य छ ।

यसरी व्यक्तिगत वा संस्थागत करदाताको विवरण राखेपछि सेभ वटनमा क्लिक गर्नुपर्दछ । यसरी करदाताले भरेको विवरण SuTRA Revenue Module मा रहेको करदाताको विवरणसँग मिलेमा (Match) करदाता यस पोर्टलमा आवद्ध हुनेछ ।

### b. करदाता आवद्धताका लागि स्थानीय तहमा अनुरोध गर्नेः

माथिको फर्ममा २ वटा ट्याव मध्ये दोश्रो ट्याव करदाता आबद्धका लागि अनुरोध गर्नुहोस जिल्ला, स्थानीय तह, करदाताको प्रकार, कागजातको प्रकार, कागजात अपलोड, मोवाइल नं र अन्य विवरण/कैफियत (कुनै भए) प्रविष्ट गर्नुपर्दछ । त्यसपछि स्थानीय तहले यसलाई Approve गरेपछि यस पोर्टलमा करदाता आवद्ध हुन्छ ।




करदाता आवद्धताको विवरण माथिको टेवलमा हेर्न सकिन्छ ।

## ६. राजस्व भुक्तानी गर्नेः


### a. राजस्व दाखिला भौचर तयारीः

करदाताले स्थानीय तहमा वुझाउनुपर्ने राजस्व अनलाइन प्रणालीवाट वुझाउनका लागि यस पोर्टलको प्रयोग गर्न सकिन्छ । राजस्व भुक्तानीका लागि राजस्व दाखिला भौचर तयार गर्नुपर्दछ । यसका लागि राजस्व भुक्तानी मेनुमा Click गरेपछि यस्तो स्क्रिन देखापर्दछः





यस पोर्टलमा आवद्ध नभएका करदाता वा आवद्ध भएका करदाताको लागि राजस्व वुझाउने हो त्यो एकीन गरी छान्नुपर्दछ ।

आवद्ध नभएका करदाता छानेको अवस्थामा देहायको विवरण देखा पर्दछः





स्थानीय तह र संकलन केन्द्र छानेपछि देहायको विवरण देखापर्दछः




- भ्याट/पान नं राखेपछि करदाताको नाम ठेगाना आफै आउने व्यवस्था छ ।
- स्थानीय तहले उपलब्ध गराएको करदाताको कोड भए करदाता कोड फिल्डमा राख्नुपर्दछ ।
- अंग्रेजीमा करदाताको नाम अनिवार्य छ ।
- फोन नं अनिवार्य छ । सम्भव भएसम्म मोवाइल नं राख्नुपर्दछ ।
- राजस्व भुक्तानी दुई किसिमले गर्न सकिन्छ । स्थानीय तहले तोकेको दररेट अनुसार (As per rate setup) वा राजस्व शीर्षकमा (Open tax payment) । स्थानीय तहले तोकेको दररेट अनुसार (As per rate setup) राजस्व क्रियाकलाप वा सेवामा राजस्व भुक्तानी छानियो भने स्थानीय तह/वडा/संकलन केन्द्रमा आम्दानी रसिद नै वन्छ भने राजस्व शीर्षकमा (Open tax payment) राजस्व दाखिला भौचर मात्र वन्छ र आम्दानी रसिद लिनका लागि स्थानीय तह/वडा/संकलन केन्द्रमा राजस्व दाखिला भौचर सहित सम्पर्क गर्नुपर्दछ ।
- सेभ वटनमा Click गरेपछि भौचर सेभ हुन्छ ।


आवद्ध भएका करदाता छानेको अवस्थामा देहायको विवरण देखा पर्दछः




यो [आबद्ध भएका करदाता छान्नुहोस...] Dropdown list वाट आवद्ध भएका करदाता संकेत छानेपछि तिर्नुपर्ने लगती कर (जस्तो सम्पत्ति कर) सहित देहायको विवरण देखापर्दछः



➢ माथिको उदाहरणमा उल्लेखित सम्पत्ति कर तिर्ने हो भने SN महलमा रहेको चेक वक्समा टिक ☑ लगाउनुपर्दछ । त्यसपछि देहायको स्क्रिन देखापर्दछः





➢ आवद्ध भएका करदाताको समेत राजस्व भुक्तानी दुई किसिमले गर्न सकिन्छ । स्थानीय तहले तोकेको दररेट अनुसार (As per rate setup) वा राजस्व शीर्षकमा (Open tax payment) । स्थानीय तहले तोकेको दररेट अनुसार (As per rate setup) राजस्व क्रियाकलाप वा सेवामा राजस्व भुक्तानी छानियो भने स्थानीय तह/वडा/संकलन केन्द्रमा आम्दानी रसिद नै वन्छ भने राजस्व शीर्षकमा (Open tax payment) राजस्व दाखिला भौचर मात्र वन्छ र आम्दानी रसिद लिनका लागि स्थानीय तह/वडा/संकलन केन्द्रमा राजस्व दाखिला भौचर सहित सम्पर्क गर्नुपर्दछ ।

➢ सेभ वटनमा Click गरेपछि भौचर सेभ हुन्छ ।


## b. राजस्व दाखिला भौचरको रकम भुक्तानी:

उपरोक्तानुसार राजस्व दाखिला भौचर सेभ भएपछि देहायको स्क्रिन देखापर्दछः




हाललाई रकम भुक्तानी गर्ने एउटा विकल्प (Connect IPS) मात्रको व्यवस्था गरिएको छ ।

Connect IPS वटनलाई छानेर रकम भुक्तानी गर्नुहोस मा Click गरेपछि देहायको स्क्रिन देखापर्दछः





त्यसपछि,

- Connect IPS मा लगइन गरी राजस्व दाखिला भौचरको भुक्तानी गर्न सकिन्छ वा
- नेपालको कुनै पनि Mobile Banking App वाट स्क्रिनको Centre मा देखिएको NepalPay QR Scan गरी भुक्तानी गर्न सकिन्छ वा

➢ भुक्तानी नभएको राजस्व दाखिला भौचर प्रिन्ट गरी SuTRA revenue module: Bank Interface संचालनमा रहेको उक्त भौचरमा उल्लेखित स्थानीय तहको कारोवार गर्ने वैंक शाखामा गई भौचरमा उल्लेखित कारोवार संकेत Verify गर्न लगाई नगद दाखिला गर्न सकिन्छ।


## c. राजस्व दाखिला भौचरको रकम भुक्तानी भएपछि भौचर प्रिन्ट गर्ने वा हेर्नेः

यस पोर्टलको भुक्तानी स्थिति मेनुमा Click गरेपछि देहायको स्क्रिन देखापर्दछः




उपरोक्त स्क्रिनमा युजरले तयार गरेका राजस्व दाखिला भौचरहरु र सो को भुक्तानी स्थिति देखिन्छ । Connect IPS वा QR वाट राजस्व दाखिला भौचरको भुक्तानी सफल भएपछि पनि भुक्तानी स्थिति 'Paid' देखाउन केही वेर लाग्न सक्दछ । केही वेरमा Web browser refresh गर्नुपर्ने हुन सक्छ ।

साथै यस स्क्रिनको कार्य महलवाट भुक्तानी नभएका राजस्व दाखिला भौचर भुक्तानी गर्न र भुक्तानी भएका राजस्व दाखिला भौचर प्रिन्ट गर्न सकिन्छ ।



1/21/24, 4:46 PM Sutra Revenue Portal

स्थानीय तह राजस्व पोर्टल बाट सिर्जित भौचर

**भुक्तानी भैसकेको भौचर [ 164923168 ]**

**भौचर विवरण**

कारोबार संकेत नं. ४००४२०५८२

भौचर मिति २०८०/०९/२९

कार्यालय धुलिखेल नगरपालिका

**राजस्व जम्मा गर्नेको विवरण**

भुक्तानी कर्ता संकेत

नाम [redacted]

फोन नं:

| क्र. स. | राजस्व शिर्षक | विवरण | रकम |
|---|---|---|---|
| १ | ११३२१ | घरवहाल कर | १.०० |
| | कुल जम्मा | | १.०० |
| **जम्मा रकम अक्षरमा : रुपैयाँ एक मात्र ।** | | | |

**बैंक : राष्ट्रिय बाणिज्य बैंक लिमिटेड** **खाता नं. : 1040100301010002**

**रकम भुक्तानी भएको मिति : २०८०/०९/२९** **NCHL मार्फत भुक्तानी गरिएको**

https://sutrarevenue.fcgo.gov.np/taxpayment/report-generate-own?voucherno=400420582&palika=10061225045190223O&fp=1 1/1

नोटः यस पोर्टलमा तयार भएका राजस्व दाखिला भौचरहरु भौचर तयार भएको दिन रातको १२ वजे अगावै भुक्तानी नभएमा भोलिपल्ट त्यस्ता भौचरहरु स्वतः हराउँछ ।

## ७. करदाता विवरण प्रविष्ट गर्नेः

करदाताले आफ्ना व्यक्तिगत, संस्थागत वा व्यावसायिक विवरणहरु यस पोर्टलमार्फत भर्न सक्ने व्यवस्था छ ।

सोका लागि,

- सर्वप्रथम, करदाताले व्यक्तिगत वा संस्थागत विवरण भरी सेभ गर्नुपर्दछ । स्थानीय तहवाट यो विवरण Approve भए पछि अन्य विवरणहरु (जग्गा, सवारी साधन, घर जग्गा वहाल आदि) भर्न सकिन्छ ।

